# टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६

नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७६/०२/२१

## प्रस्तावना :

टीकापुर नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, टीकापुर नगरपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## १. आर्थिक सहायता प्रदान गर्न सकिने :

देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी तोकिएको समितिको सिफारिशमा नगर प्रमुखले रु. ५,०००।- पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

(क) बिरामी,

(ख) अशक्त - अपाङ्ग,

(ग) परिवारबाट बिस्थापित सहाराविहिन वृद्ध, वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु

(ङ) प्राकृतिक विपत्ति तथा विपद्मा परेका घरबार बिहिन व्यक्तिहरु

## २. आर्थिक सहायता प्रदान गर्ने तरिका :

२.१ टीकापुर नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नेछ ।

(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।

(ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी गरिएको अपाङ्ग परिचय पत्रको प्रतिलिपी ।

(ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र टीकापुर नगर कार्यपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस ।

(घ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी ।

(ङ) सम्बन्धित डाक्टरले उपचारको लागी लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागी अनुमानित लाग्ने खर्चको विवरण ।

तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागी अपरेशन गर्नु पर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागी धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ । मेडिकल बोर्डको सिफारिस सहित सहयोग भएको हकमा टीकापुर नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिश बमोजिम टीकापुर नगरपालिकाको कार्यपालिका बैठकमा पेश गरी निर्णय भए बमोजिम बढीमा रु.१५,०००/–पन्ध्र हजार सम्म सहयोग उपलब्ध गराउन सकिनेछ ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागी आउने निवेदन दर्ता गर्दा नगरकार्यपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यक्ता अनुसार समन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

## ३. स्वीकृत आर्थिक सहयोगको भुक्तानी :

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले नगर सभा बाट विनियोजित मिल्दो शिर्षकको बजेटबाट निवेदकलाई निर्णय अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

## ४. एक व्यक्तिलाई एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने :

माथी जुन सुकै कुरा लेखिएको भएतापनि दफा २ को उपदफा (ग) बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाई एक आर्थिक वर्षमा एक पटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन ।

## ५. बिबिध

५.१ बाझिएमा : यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

५.२ काबाही : अस कार्यविधि विपरित कुनै कर्मचारी वा पदाधिकारीहरुले आर्थिक सहयोग वितरण गर्न, गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

५.३ यसै कार्यबिधि बमोजिम भए गरेको मानिने : यस अघि यस नगरपालिकाबाट भएका वा दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।